श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३६।६।४ को निर्णयानुसार निर्माण तथा यातायात मन्त्रालयको शाखा अधिकृत (नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणी) श्री सूर्यप्रसाद नेपाललाई जिल्ला कार्यालय, कपिलवस्तुको प्रशासकीय अधिकृत पदमा मिति २०३६।७।१ देखि नै सरुवा गरेको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, जाजरकोटको प्र. जि. अ. श्री डम्मरूवल्लभ भट्टराई घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जि. पं. सचिवालय, जाजरकोटका पञ्चायत तथा विकास अधिकारी श्री सूर्यलाल श्रेष्ठलाई मिति २०३७।३।२० देखि कायम मुकायम मुकरर गरिएको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०३६।१२।७ को निर्णयानुसार जिल्ला कार्यालय, नुवाकोटको प्र. जि. अ. श्री नवराज श्रेष्ठ यस मन्त्रालयमा काजमा रहनु भएकोले जिल्ला कार्यालय, रूपन्देहीका प्र. जि. अ. श्री जगन्नाथभक्त श्रेष्ठलाई मिति २०३६।१२।२८ देखि जिल्ला कार्यालय, नुवाकोटको प्र. जि. अ. पदमा काम गर्ने गरी काज खटाएको छ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

260

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल कानून आयोग